कन्सोर्टियम-नेपाल
Consortium Nepal

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह**

# मासिक कार्यसम्पादन पत्र

**अप्रिल २०२४**

**वर्ष : ३, अंक : ४**

## अप्रिल २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १ . स्थानीय तहमा बालबालिकाको नेतृत्वमा गरिने बालअधिकार पैरवी सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न



अप्रिल ८ २०२४ : बालबालिकाको नेतृत्वमा बालअधिकार पैरवी सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । यस कार्यक्रममा राष्ट्रिय बाल पैरवी परिषदका सदस्यहरुलाई पैरवीको परिभाषा, बाल अधिकार पैरवीको महत्व आवश्यकता सम्बन्धि जानकारी बारे प्रस्तुतिकरण गरिएको थियो । साथै, बालअधिकार पैरवी गर्दा हुनुपर्ने दक्षता, पैरवीका चक्र लगायतका विषयमा चर्चा गरिएको थियो । कार्यक्रमलाई निरन्तरता दिने क्रममा परिषद सदस्यहरुलाई पैरवीका ९ वटा चरणहरुको बारेमा विस्तृत विवरणको विषयलाई चर्चा गरिएको थियो । थप विषयलाई जोड्ने क्रममा डिजिटल तथा नव- संचारका मध्यमबाट बालअधिकार पैरवी गर्ने तरिकाहरुको विषयको समावेश गरिएको थियो ।



कार्यक्रमको सहजीकरण बाल अधिकारकर्मी चन्द्रिका खतिवडाले गर्नु भएको थियो । र सँगै उक्त दिन राष्ट्रिय बाल पैरवी परिषद अवधारणा र अभ्यासको विषयका पनि चर्चा गरिएको थियो । राष्ट्रिय बाल पैरवी सदस्यहरुलाई बाल पैरवी क हो, पैरवी किन आवस्यक रहन्छ लगायत बाल पैरविकर्ताको भूमिकाहरुको बारेमा जानकारी दिईएको थियो । यस्तै राष्ट्रिय बाल पैरवी कर्ताहरुको बलियो पक्ष, कमजोर पक्ष, परिषद् सदस्यहरुको लागि अवसर र चुनौतीहरुको विषयमा छलफल गरिएको थियो । कार्यक्रमको सहजीकरण कन्सोर्टियम नेपालका कार्यक्रम संयोजक गौरव के सी ले गर्नुभएको थियो ।

### २. स्थानीय सरकारको योजना निर्माण र बालसहभागिता विषयक अभिमुखीकरण कार्यक्रम सम्पन्न :



अप्रिल ९ २०२४ : राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुलाई स्थानीय तहको योजना निर्माण गर्ने प्रक्रियामा बाल सहभागिताको विषयमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ। परिषद्का सदस्यहरुलाई स्थानीय सरकारले

बजेट बनाउने विभिन्न चरणहरुको बारेमा संक्षिप्त चर्चा गरिएको थियो । छलफलको क्रममा योजना निर्माणको छनोट गर्नुपूर्व बालभेला मार्फत बालबालिकाहरुको विचार समेत समेटि योजना छनोट गर्ने विषयमा छलफल गरिएको थियो ।  साथै कार्यक्रममा बाल भेलाको महत्व लगायत योजना निर्माण प्रक्रियामा बालसहभागिताको महत्वको विषयमा चर्चा गरिएको थियो । कार्यक्रमलाइ निरन्तरता दिँदै बाल भेला संचालन गर्ने विधि लगायत बाल भेलाबाट हुने उपलब्धि हरुको बारेमा जानकारी प्रदान गरिएको थियो । कार्यक्रमको सहजीकरण बालअधिकारकर्मी चन्द्रिका खतिवडाले गर्नुभएको थियो ।

## ३. दिगो दिकास लक्ष (SDGs) र स्वैच्छिक राष्ट्रिय समीक्षा (VNR) प्रतिवेदन को बारेमा संक्षिप्त जानकारी



अप्रिल १०, २०२४: राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुलाई स्वैच्छिक राष्ट्रिय प्रतिवेदन बारे अभिमुखीकरण कार्यशाला सम्पन्न गरिएको छ । राष्ट्को आफ्नै पहलमा स्वेच्छिक र बहु सरोकारवालाको सहभागीतामा तयार गरिने  प्रतिवेदन स्वैच्छिक राष्ट्रिय  समीक्षा प्रतिवेदनको विषयलाई जोड्दै राष्ट्रिय बाल पैरवी परिषद सदस्यहरुलाई स्वैच्छिक राष्ट्रिय प्रतिवेदन बारे अभिमुखीकरण कार्यशाला सम्पन्न गरिएको छ । कार्यशालामा प्रतिवेदन तयार पर्नुको मुख्य उद्देश्य प्रस्ट पार्दै बालबालिकाको प्रतिवेदन तयारीका क्रममा  कस्तो भूमिका हुन सक्दछ  भन्ने विषयमा  छलफल गरिएको थियो ।

## ४. राष्ट्रिय बाल पैरवी परिषद सदस्यहरुलाई इसिमोड प्रयोगशाला भ्रमण



अप्रिल ९, २०२४ कन्सोर्टियम नेपालले YAE (वातावरणका लागि युवा कार्य) संस्थाको समन्वयमा ICIMOD ज्ञान प्रयोगशालामा बालबालिकाका लागि शैक्षिक भ्रमणको आयोजना गरिएको थियो । ICIMOD ज्ञान प्रयोगशालामा बालबालिकाहरूले वातावरणीय स्थिरता र क्षेत्रीय जैवकविविधताको बारेमा आफ्नो बुझाइलाई अझ गहिरो बनाउन डिजाइन गरिएका विविध प्रकारका समृद्ध गतिविधिहरूमा संलग्न भएका थिए ।

बालबालिकाहरुले जानकार विशेषज्ञहरूको नेतृत्वमा निर्देशित हुदै , स्थानीय इकोसिस्टमको जटिलताहरू अन्वेषण गर्दै र यस क्षेत्रमा बसोबास गर्ने वनस्पति र जीवजन्तुहरूको बारेमा जानकारी प्राप्त गरेका थिए ।

यस ल्याबले जैविक खेती, नवीकरणीय ऊर्जा, र फोहोर व्यवस्थापन जस्ता



विषयहरूमा कार्यशालाहरू र प्रदर्शनहरू प्रदान गर्ने भएकाले, बालबालिकाहरूले वातावरणीय चुनौतीहरूलाई सम्बोधन गर्न व्यावहारिक सीपहरू र नवीन समाधानहरू सिक्ने मौका पाएका थिए ।

साथै, बालबालिकाहरुले आफ्नो समुदायमा सकारात्मक योगदान प्रदान गर्ने सोच रहेको बताएका थिए ।

## ५. राष्ट्रिय बाल पैरवी परिषद् र प्रनिनिधि सभा सदस्य बिच अन्तरक्रिया कार्यक्रम



अप्रिल १०, २०२४ : कन्सोर्टियम नेपालले सेभ द चिल्ड्रेन र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको सहकार्यमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्य र प्रनिनिधि सभा सदस्य बिच अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा विभिन्न राजनीतिक पार्टीहरुको प्रतिनिधित्व गर्दै ६ जनासंघीय सांसदहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा माननीय देवेन्द्र पौडेल, माननीय रञ्जु झा, माननीय लक्ष्मी तिवारी, माननीय ईश्वरी मगर, माननीय कल्पना मिया र माननीय सरिता भुसालको उपस्थिति रहेका थियो ।



छलफलका क्रममा बालबालिकाहरुले शिक्षा विधयकसँग सम्बन्धित रहेर गुणस्तरीय शिक्षामा सबैको पहुँच नपुगेको, पाठ्यक्रम परिवर्तन भईरहने, शिक्षको दरबन्दि नपुगेको जस्ता सवालहरुमा प्रश्न गरेका थिए भने अन्त्यमा उक्त प्रश्नहरुमा सहमति जनाउदै मा. सांसदहरुले उत्तर गरेका थिए । बोल्ने क्रममा माननीय सांसदहरुले सार्वजनिक शिक्षालाई केन्द्रमा राखेर आफ्ना भनाईहरु व्यक्त गरेका थिए ।

## ६. बालबालिकाको नेतृत्वमा तयार गरिने स्वच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदनको प्रकृया थालनि सम्बन्धमा तयारी बैठक सम्पन्न :

अप्रिल २९, २०२४ : दीगो विकासका लक्ष्य (SDG), बढ्दै गएको सामाजिक

तथा मानवीय समस्याहरू, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी विश्वका १९३ राष्ट्रहरुले सेप्टेम्बर २५, २०१५ का दिन देखि २०३० सम्म मा पुरा गर्नका लागि विभिन्न १७ वटा लक्ष्यहरुलाई आत्मसात गरेको यहाँलाई अवगतनै छ ।



दीगो विकासका लक्ष्यसँग जोड्दै, नेपालले आफ्नै पहलमा स्वेच्छिक र बहु सरोकारवालाको सहभागीतामा तयार गरिने प्रतिवेदन, दिगो विकास लक्ष प्राप्त सम्बन्धी स्वच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन (Voluntary National Review Report) मा भाग लिनकालागि प्रकृया अगाडि बढाईराखेको छ ।



नेपालले सन् २०२४ को ८ जुलाई देखि १७ जुलाईसम्म हुन गईरहेको उच्चस्तरीय राजनीतिक फोरम (HLPF) मा भाग लिने तयारी गरररहेको र सो को लागि स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन तयार गरिरहेको हो ।

यसै सन्दर्भमा, कन्सोर्टियम नेपालको सहजिकरण तथा बालबालिकाको नेतृत्वमा स्वच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदनको प्रकृया थालनि गर्ने सन्दर्भमा योजना बैठक सम्पन्न गरेको छ । बैठकमा बाल केन्द्रित सञ्जालका प्रतिनिधि, गैर सरकारी संस्था महासंघ, एलाएन्स ८.७ का प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कन्सोर्टियम नेपालले बालबालिकाको नेतृत्वमा यस प्रकृया अन्तर्गत अब प्रदेश हुदै राष्ट्रिय स्तरमा कार्यशालाहरु आयोजना गर्दै प्रतिवेदन तयारीको थालनि गरेको छ ।

## ७.राष्ट्रिय बाल पैरवी परिषद् सदस्यको नेतृत्वमा भएका गतिविधिहरु :

अहिले स्थानीय तहहरुले योजना निर्माणको प्रकृया थालनी गरेका छन् । यसै सन्दर्भमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुले आफ्नो र नजिकको स्थानीय तहमा बालबालिका केन्द्रित योजना निर्माणमका सम्बन्धमा अनुरोध पत्र हस्तान्तरण गर्दै आईरहेका छन् । परिषद् सदस्य आशुतोष कार्की गोदावरी नगरपालिकाका प्रमुख एव दुईवटा वडाका वडा अध्यक्षलाई अनुरोध पत्र



हस्तान्तरण गरेको छन् ।

त्यस्तै अर्का परिषद् सदस्य श्वस्तिका शर्माले भरतपुर महानगरपालिकाका पदाधिकारीहरुलाई कन्सोर्टियम नेपालद्वारा प्रकाशित सामान्य टिप्पणी क्रमसङ्ख्या २६ लाई हस्तान्तरण गर्नुभएको छ । उक्त प्रकाशनमा जलवायु परिवर्तन विशेष केन्द्रित हुदै राज्यको भुकिमा बारे चर्चा गरिएको छ ।



## सदस्य संस्थाहरुद्धारा संचालित गतिविधिहरु

### १. बालमैत्री स्थानीय शासन प्रवर्धनको लागि विभिन्न कृयाकलाप सञ्चालन



सिन्धुलीको गोलन्जोर गाउँपालिका वडा नं ३, तीनपाटन गाउँपालिका वडा नं ७ र फिक्कल गाउँपालिकाको वडा नं ५ मा वडा स्तरीय बाल सञ्जालको आयोजनामा, सम्वन्धित वडाको समन्वयमा, रिलिफ नेपाल र वर्ल्ड भिजन इन्टरनेसनल नेपालको साझदारीमा ३ वटै वडाको १०४ जना बालबालिकाको संलग्नतामा बालभेला सम्पन्न भएको छ । ४ जना बालबालिकालाई बालभेला सहजिकरण सम्वन्धी ३ दिने तालिम प्रदान गरे पश्चात् वडामा बालबालिकाको नै नेतृत्वमा बालभेला सहजिकरण भएको छ । बालक र बालिकाको बेग्लाबेग्लै समुह बनाएर त्यस वडाको बालक र बालिकाको सवालहरु पहिचान गरिएको छ ।



बालभेलामा बालबालिकाको प्रमुख आवश्यकता र प्राथमिकताहरु बालमैत्री स्थानीय शासन प्रवर्धन, घोषणा र दिगोपना, वडामा रहेका विद्यालय र समुदायमा बाल क्लव गठन र सकृय बनाउने, जनचेतनामुलक कार्यक्रम, समुदायमा रुपान्तरण कक्षा नियमित संचालन गर्नुपर्ने रहेको छ । आफ्नो आवश्यकता र प्राथमिकताहरुलाई स्थानीय योजना तर्जुमा र वजेट विनियोजन को लागि बालबालिकाले आफ्नो वडा कार्यालयमा पेश गरेका छन् ।



सिन्धुली जिल्लाको तीनपाटन-७ र गालन्जोर-३ मा ४ वटा बालक्लब गठन भएको छ । ४२ जना बालबालिकाहरुले बालमैत्री स्थानिय शासन प्रवर्धन, बालश्रम तथा बालविवाह अन्त्य गर्न र आफ्नो समुदायमा जनचेतना फैलाउन विभिन्न स्थानमा जनचेतनामुलक र्याली सञ्चालन गरेका छन् ।

सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिकाका वडा नं ४,६,७,१०,११, गोलन्जोर गाउँपालिकाका वडा नं १,२,३,४ र फिक्कल गाउँपालिकाको वडा नं २,३,४ र ५ का २८ जना किशोरकिशोरहरुले आफ्ना समुदायका ३७८ जना बालबालिकाहरुलाई ४ हप्ता रुपान्तरण जीवनउपयोगी सीप तथा आत्मरक्षा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरेका छन् ।

## विद्यालय भर्ना अभियान २०८१ को सन्दर्भमा कन्सोर्टियम नेपालको अपिल

DAO Registration No. 131-2070
SWC Affiliation No. 37795

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)**
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM-NEPAL)

**विद्यार्थी भर्ना अभियान २०८१ को सन्दर्भमा कन्सोर्टियम नेपालको अपिल**

'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने नाराका साथ नयाँ वर्ष २०८१ को सुरूआतसँगै शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियानको आजबाट शुभारम्भ भएको छ । नेपालको संविधान र शिक्षा सम्बन्धी ऐन अनुसार शिक्षा पाउनु हरेक बालबालिकाको संविधानप्रदत्त एवं जन्मसिद्ध मौलिक अधिकार हो । सरकारले वर्षेनि विद्यार्थी भर्ना अभियान कार्यक्रम आयोजना गरेपनि विद्यालयमा बालबालिका ल्याउनु, विद्यालयभित्र आएका बालबालिकालाई टिकाइराख्नु, बालमैत्री शिक्षण सिकाइको माध्यमबाट जीवनोपयोगी शिक्षा प्रदान गर्नु सार्वजनिक विद्यालय शिक्षामा देखिएका र भोगिएका चुनौती भने यथावत नै देखिन्छ ।

कन्सोर्टियम नेपालले काठमाडौंमा विद्यालय शिक्षा विधेयक २०८० को सन्दर्भमा राष्ट्रिय बाल पैरवी परिषद् र प्रतिनिधि सभा सदस्य बिच आयोजना गरेको कार्यक्रममा स्यवं बालबालिकाले विद्यालय शिक्षा नि:शुल्क भनिए पनि सामुदायिक विद्यालयमा समेत विभिन्न बहानामा शुल्क लिने गरेको बताएका थिए । विपन्न वर्गको लागि शिक्षासम्बन्धी मौलिक हक कागजमा नै सीमित रहेको गुनासो सत्यताको नजिक छ। शिक्षासम्बन्धी मौलिक हक नयाँ कानुन बनाएपछि मात्र पूर्णरूपमा कार्यान्वयन हुने देखिन्छ । तर अहिलेसम्म पनि संविधानअनुकूल नयाँ कानुन तत्काल बन्ने बनाउने छाँट देखिँदैन ।

यद्यपि सरकारले सार्वजनिक विद्यालयका विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक, प्रति विद्यार्थी रु १५ का दरले दिवा खाजा, नि:शुल्क स्यानिटरी प्याड, छात्रवृत्तिका साथै उपयुक्त शैक्षिक पूर्वाधार र विद्यालयमा दक्ष जनशक्तिको व्यवस्थापनमा विशेष जोड दिँदै आएको छ ।

यसै सन्दर्भमा, कन्सोर्टियम नेपालका सदस्य संस्थाहरु, तीनै तहका सरकार, अभिभावक, सामाजिक अभियन्ता लगाएत सम्पूर्णलाई यस वर्षको विद्यालय भर्ना अभियानमा जोडिदै, चुनौतिहरुलाई चिर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा सहजिकरण गर्न अपिल गर्दछ ।

**सन्तोष महर्जन**
अध्यक्ष


**अनिता पाण्डे**
महासचिव

**मिति : २०८१ बैशाख २ गते**

**बाल सहभागिता : संविधानदेखि व्यवहारसम्म**
Consortium-Nepal Secretariat, Buddhanagar, Kathmandu-10, Kathmandu, Nepal
Phone No: +977-1-4791327, E:Mail: participation.consortium@gmail.com, URL: www.consortium.org.np

## हार्दिक बधाई एवं शुभकामना

**कन्सोर्टियम नेपालका कार्यक्रम अधिकृत उषा कार्कीलाई सफल दाम्पत्य जीवनको हार्दिक शुभकामना**



**कन्सोर्टियम नेपालले अप्रिल २०२४-मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण**

| क.सं. | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | 26th April 2024 National Consultative Workshop on Nutrition | World Vision International |
| २ | Consultation Program Nepal Reporting Meeting Sustainable Development Goals 8.7 | Alliance 8.7 Nepal |
| ३ | 26th April 2024 The Lunch of Breathless Future: Research Report | Save the Children |
| ४ | 15th April 2024 - Child-led Report on VNR Sharing Meeting at UN House | United Nations |
| ५ | 30th April 2024 - Policy Dialogue on Social Protection and Child Grant in Nepal | SPCSN |
| ६ | 9th April 2024 – Task force Meeting on VNR reporting process | National Planning Commission |

**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल


**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल**

शंखमुल, काठमाडौं

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com